नि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २०१ २०८० साल चैत १ गते बिहीबार (14 Mar. 2024 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु परिवर्तनबारे जोखिम.. ३ पृष्ठमा : अघिल्लो गठबन्धनमा समस्या ... ३ पृष्ठमा : पर्व बिदा विवादरहित ...

# सप्तरीमा १ सय १० जना भुमिहिनले पाए जग्गाधनी पुर्जा



**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

सप्तरी जिल्लामा विगत दुई वर्षको अवधीमा १ सय १० जना भुमिहिन, दलित र सुकुम्वासीले जग्गाधनी पुर्जा प्राप्त गरेका छन् ।

राष्ट्रिय भुमि आयोग, जिल्ला समिति सप्तरीले बुधवार पत्रकार सम्मेलन गरी सो तथ्याङ्क सार्वजनिक गरेको हो ।

पत्रकार सम्मेलनमा आयोगका सदस्य सचिव सुमन किशोर मिश्रले भुमिहिन, दलित र सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित वसोवासीलाई व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारबाट २०७८ भदौ २५ गते गठन भएको समितिले जिल्लाको १८ मध्य तीन पालिकामा उक्त संख्याको जग्गाधनी पूजा प्रदान गरिएको जानकारी दिए ।

पत्रकार सम्मेलनमा आयोगका सदस्य सचिव मिश्रले अग्नीसाईर कृष्णासवरण गाउपालिकामा ८५, खडक नगरपालिकाका ९ र सुरुङ्गा नगरपालिकाका १६ गरी १ सय १० जना भुमिहीन, दलित र सुकुम्वासीले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको बताए ।

जिल्लाको १८ मध्ये डाक्नेश्वरी नगरपालिका तथा तिलाठी कोईलाडी, महादेवा, तिरहुत, विष्णुपुर, छिन्नमस्ता र राजगढ गाउँपालिकाले हाल सम्म द्विपक्षीय सम्झौता अनुसार भुमिहिनको लगत संकलनका लागी आवश्यक पर्ने सेवा केन्द्र समेत गठन नगरेको उनले गुनासो गरे । कतिपय पालिकाले सम्झौता अनुसार आ-आफ्नो पालिका भित्रका भुमिहीनको लगत संकलन कार्यमा सकृयता नदेखाएको उनले बताए ।

यसरी जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्ने अधिकांश ती पालिकाका वनजंगल क्षेत्रमा फुसको झुप्रो बनाई वसोवास गर्दै आएका विपन्न समुदायका दलित र सुकुम्वासीहरु रहेको प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

पत्रकार सम्मेलनमा आयोगका सप्तरी अध्यक्ष हरेराम यादवले दुई वर्षको अवधीमा जिल्लामा गरिएको लगत संकलन अनुसार भुमिहिन दलित ४ हजार ८ सय ६६, सुकुम्वासी २ हजार ३० तथा अव्यवस्थित वसोवासीको संख्या ५ हजार ६ सय ५४ रहेको पाइएको जानकारी दिए ।

जसमध्ये प्रविष्टिकरण

***बाँकी अन्तिम पृष्ठमा***

# नि:शुल्क आँखा जाच शिविरबाट विद्यार्थी र शिक्षक लाभान्वित




**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

राजविराज जेसीजले बुधबार नि:शुल्क आँखा जाँच शिविर सम्पन्न गरेको छ ।

राजविराज जेसीजको आयोजना र शमा आई केयर सेन्टरको प्राविधिक सहयोगमा सम्पन्न शिविरमा विभिन्न विद्यालयका विद्यार्थी र शिक्षकहरुको आँखा जाच गरिएको थियो ।

शिविरमा केशो अनिरुद्धवती माध्यमिक विद्यालय, ह्याप्पील्यान्ड माध्यमिक विद्यालय, ह्याप्पील्यान्ड उच्च माध्यमिक विद्यालय तथा क्षितिज एजुकेसनल फाउन्डेसनका विद्यार्थी र शिक्षकहरूको आँखा जाँच गरिएको राजविराज जेसिजका अध्यक्ष विप्लव आनन्दले जानकारी दिएका छन् ।

सम्पन्न शिविरमा ९० जना विद्यार्थी, ५ जना शिक्षक र ६ जना जेसीज सदस्य समेत गरेर १ सय १ जनाको आँखा जाँच गरि लाभान्वित भएको कार्यक्रम संयोजक सौरभ सिंहले बताए ।

उक्त अवसरमा विद्यार्थीहरुको दृष्टि परिक्षण सँगसँगै आँखाको भित्री भागहरू दृष्टी नसा, रेटिनालगायतको समेत जाँच गरिएको राजविराज जेसीजका महासचिव पंकज कुमार देवले जानकारी दिए ।

शिविर सम्पन्न पश्चात् आयोजित कार्यक्रममा राजविराज जेसीजका अध्यक्ष विप्लव आनन्दले शैक्षिक संस्थाका विद्यार्थी र शिक्षकहरूको लागि आँखा जाँच कार्यक्रम आयोजना गरेर राजविराज जेसीजले रचनात्मक कार्यको सुरुवात गरेको बताए । उनले युवाहरूको नेतृत्व व्यक्तित्व विकासमा क्रियाशील राजविराज जेसीजले सामाजिक र पर्यटन प्रवर्द्धन लगायतका गतिविधि प्रभावकारी रहेको दाबी समेत गरे ।

कार्यक्रममा राजविराज जेसीजका पूर्व अध्यक्ष मनोहर कुमार पोखरेल र नानी मैया कट्वाल लगायतले नि:शुल्क आँखा जाँच कार्यक्रमको आयोजना गरेर राजविराज जेसीजले विद्यार्थीहरूको आँखामा भएको समस्याले पढाइमा कस्तो प्रभाव पर्ने बारे रचनात्मक सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।

# धार्मिक कार्यक्रम स्थल तथा भवन निर्माणका लागि सहयोग जुटाउन महायज्ञ


**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

सप्तरीको कंचनरुप नगरपालिका ३ बरमझियामा चैत्र १ गते देखि नादमय वेदमय श्रीभागवत महापुराण ज्ञान महायज्ञ हुने भएको छ ।

भागवत कथा ज्ञान महायज्ञ समितिले बुधबार पत्रकार सम्मेलनको आयोजना गरि गति, मुक्ती, विश्वशान्ति, भक्ती तथा मानव कल्याणका साथै नादानुसन्धान सामुदायिक भवन निर्माणका लागी आर्थिक श्रोत जुटाउन महायज्ञ गर्न लागिएको जानकारी दिएको छ ।

कथाकार एवं प्रवचनकर्ता स्वामी मुरली धरानन्द दासले विश्वशान्ति, मानव कल्याणको कामना सहित नादानुसन्धान सामुदायिक भवन (धार्मिक कार्यक्रम स्थल तथा भवन) निर्माणका लागी आर्थिक श्रोत जुटाउन महायज्ञ गर्न लागिएको बताए ।

चैत ९ गतेसम्म चल्ने उक्त महायज्ञमा नेपाल तथा भारतका विभिन्न विद्वान, साधु सन्त तथा हज्जारौको संख्यामा भक्तजनको सहभागिता रहने उनले जनाए ।



महायज्ञमा नादाचार्य, वेदान्तीर्थ स्वामी मुरली धरानन्दका साथै भारतका चर्चित सनातन धर्मगुरु एवं धर्म प्रचारक अमर बहादुर तिवारीको मुखार विन्दबाट स-रहस्य मधुमय भागवत कथा वाचन हुने आयोजक समितिले जानकारी दिएको छ ।

महायज्ञ उद्घाटनका दिन हजारौको सहभागितामा कलशयात्रा निकालिने छ । यस्तै चैत्र २ गते देखी चैत्र ८ गते सम्म भागवत कथा वाचन र सदगुरु कविर लिला तथा चैत्र ९ गते सन्त सम्मेलन, कृष्णलिला र ब्रहमालीन महन्त प्रकाशमणी साहेवको ३३ औं निर्वाण महोत्वस गरी महायज्ञ सम्पन्न हुने आयोजकले जनाएको छ ।

## उपभोक्ता अधिकारको रक्षा गरौं ।

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

## कृषि क्षेत्रलाई बैज्ञानिकरण गर्नेतर्फ सोचको विकास गरौं

मधेश प्रदेश कृषि क्षेत्रमा लागि अब्बल मानिन्छ । त्यसमा पनि सप्तरी कृषि क्षेत्रमा अगाडी नै रहेको छ । तर, सिंचाईको उचित व्यवस्था नहुँदा यहाँको कृषि क्षेत्र दिनप्रतिदिन धरासय बन्दै गएको छ । यहाँका किसानहरु वर्षाको पानीको भरमा कृषि गर्न बाध्य छन् । रोपाईंका बेला राम्रो वर्षा नभए उत्पादनमा ह्रास आउने पक्कै हुन्छ । तर, हामी सधैं खेतीका लागि वर्षामै भर पर्छौं ।

सप्तरीमा सिँचाई अभावमा प्रत्येक वर्ष १० देखि ४० हजार हेक्टर खेती योग्य जमीन बाँझो रहने गरेको तथ्याङ्क छ । खेती प्रणालीलाई वैज्ञानिकीकरण गर्दै सिँचाई मल लगायत आवश्यक व्यवस्था गर्न सकिए सप्तरीमा धान उत्पानको दर प्रति हेक्टर चार देखि पाँच मेट्रिक टनसम्म पुर्‍याउन सकिने कृषि जानकारहरुको कथन छ । विडम्बना चन्द्रनहर, कोशी पश्चिमी नहर र कोशी पम्प नहर गरी तीन ठुला सिँचाई प्रणाली र ग्रामीण पूर्वाधार विकास कार्यक्रम एवं सिंचाई सेक्टरका अन्तर्गतक अन्य सानातिना सिँचाई व्यवस्था रहे पनि तिनको अस्तव्यस्त र जीर्ण अवस्थाका कारण रोपाईका समयमा सिँचाईको अभाव हुने गरेको छ ।

नेपालको कृषि प्रणाली अझै सुदृढ हुन सक्दा सप्तरी पनि यसको चपेटामा परेको छ । कृषिमा तुलनात्मक रुपमा उत्पादन वृद्धि गर्ने लैजानका लागि कृषि प्रणालीलाई वैज्ञानिकीकरण गर्दै जानुको विकल्प छैन । कहिलेसम्म आकाशे वर्षाको भरमा खेती गर्ने ? यस समस्याप्रति तीनै तहका सरकारले गम्भिरतापूवर्क अध्ययन गरेर कृषि क्षत्रलाई वैज्ञानिकीकरण गर्न तर्फ अग्रसरता देखाउनु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## जलवायु परिवर्तनबारे जोखिम न्यूनीकरणमा तीन तहका सरकारको सहकार्य जरुरी

काठमाडौँ, ३० फागुन (रासस) ।

जलवायु परिवर्तनको जोखिम न्यूनीकरणमा तीन तहका सरकारबीच प्रभावकारी समन्वयकासाथ काम गर्नुपर्नेमा विज्ञ तथा सरोकारवालाहरूले जोड दिएका छन् ।

नेपाल नगरपालिका सङ्घले ३१ औँ स्थापना दिवसका अवसरमा मंगलबार आयोजना गरेको जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय बहस कार्यक्रमका वक्ताले जलवायु परिवर्तन अनुकूलन कार्यक्रमलाई स्थानीय सरकारले प्रभावकारी बनाउनेगरी नीतिगत तथा बजेटको व्यवस्था गरिनुपर्ने धारणा राख्नुभयो । साथै उनीहरूले विकसित मुलुकले औद्योगीकरणको नाममा विश्वव्यापी रुपमा तापमान वृद्धि भई नेपाललगायत विकासोन्मुख देश बढी प्रभावित भइरहेको भन्दै औद्योगिक मुलुकबाट क्षतिपूर्तिको व्यवस्था गराउने प्रावधानका लागि पहलकदमी गर्न सुझाव दिनुभयो ।

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले जलवायु परिवर्तनको असरलाई कम गर्न प्रभावकारी काम गर्न तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनमा जोड दिनुभयो । उहाँले जलवायु परिर्वतनबारे नीतिगत र संरचनागत सुधार गरी स्थानीय सरकारलाई सबल बनाईनुपर्ने खाँचो औँल्याउनुभयो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले जलवायु परिर्वतनसम्बन्धी नीतिगत कार्ययोजनालाई प्रभावकारी कार्यान्वयन गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले स्थानीय सरकारको बजेट तथा कार्यक्रम पारदर्शी र प्रभावकारी हुनुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसकी नेत्री डा डिला सङ्ग्रौला पन्तले जलवायु परिवर्तनको मुद्दा अझै पनि प्राथमिकतामा पर्न नसकेको भन्दै तीन तहका सरकारसँगको समन्वयमा जोखिम न्यूनीकरणबारे सचेतनामूलक कार्यक्रम विस्तार गर्न जरुरी भएको उल्लेख गर्नुभयो ।

पूर्व मूख्यसचिव डा सोमलाल सुवेदीले जलवायु परिवर्तन सम्बन्धी कानूनलाई तीन तहका सरकारको समन्वयमा प्रभावकारी कार्यान्वयन गरिनुपर्ने खाँचो औँल्याउनुभयो । संवैधानिक कानुनका ज्ञाता काशिराज दाहालले जलवायु परिवर्तन सम्बन्धी छरिएर रहेका कानूनलाई एकीकृत गर्दै तीन तहका सरकारले समन्वय र सहकार्यका साथ यसको जोखिम नियन्त्रणमा भूमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव सुमन दाहालले जलवायु परिवर्तनको कारण र असरबारे जनचेतना अभिवृद्धि गर्न जरुरी भएको उल्लेख गर्नुभयो । वन तथा वातावरण मन्त्रालयका सहसचिव डा बुद्धिसागर पौडेलले जलवायु परिवर्तनले विश्वव्यापी वातावरणीय प्रभाव, जैविक विवितामा ह्रास र प्रदुषण निम्त्याएको बताउनुभयो । उहाँले न्यून कार्बन उत्सर्जन तथा उत्पादनशिल र दिगो विकास सम्बन्धी लक्ष्यमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरणलाई प्राथमिकता दिनुपर्ने खाँचो औँल्याउनुभयो ।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गाना र उपाध्यक्ष कृष्णप्रसाद सापकोटाले शक्ति राष्ट्रहरूको तीव्र विकासले जलवायु परिर्वतनमा असर परेको र त्यसको मार प्रकृति, मानव र प्रजातिमा परेको बताउनुभयो । उहाँले जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन र बजेट विनियोजन गर्न सङ्घीय सरकारले उदारता देखाउनुपर्ने धारणा राख्नुभयो ।

गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले स्थानीय सरकार सङ्घीयताको जग हो भन्दै ऐन कानून चाँडो पारित गरेर तीन तहको सरकार बलियो बनाइनुपर्ने धारणा राख्नुभयो ।

धुलिखेल नगरपालिकाका नगर प्रमुख अशोककुमार ब्यान्जु श्रेष्ठले सङ्घीयताको सिद्धान्त अनुरुप स्थानीय सरकारको हैसियत स्थापित गर्नु अहिलेको अपरिहार्यता भएको बताउनुभयो ।

कागेश्वरी मनोहरा नगरपालिकाका नगरप्रमुख उपेन्द्र कार्की, गोर्खा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर राना, अक्सफाम नेपालका कार्यक्रम प्रमुख निभा श्रेष्ठलगायतले जलवायु परिवर्तनसम्बन्धी रणनीति तथा कार्ययोजना प्रभावकारी कार्यान्वयन हुनुपर्ने बताउनुभयो ।

## प्रदेश प्रमुख नियुक्तिमा मधेसी अनुहार देखिएनः सांसद चौधरी

काठमाडौँ, ३० फागुन (रासस) ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका सांसद रामप्रकाश चौधरीले प्रदेश प्रमुख नियुक्तिमा मधेसीलाई वेवास्ता गरिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै उहाँले नयाँ सरकार गठनभएसँगै प्रदेश प्रमुख परिवर्तन गरिनु र नियुक्तिमा पनि मधेसी अनुहार नदेखिएको भन्दै असन्तुष्टि जनाउनुभयो ।

सांसद चौधरीले लोसपाले विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय गरेको जानकारी समेत गराउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो दलले वर्तमान गठबन्धन सरकारलाई गुण र दोषका आधारमा समर्थन गर्दै जाने भन्ने पहिला पनि जानकारी गराएको थिए र हाल पनि दलको समर्थन र सहयोग रहन्छ, तर, हालका लागि लोसपाले विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय गरेको जानकारी गराउदछु ।"

## विश्व समाचार

## जापानी अन्तरिक्ष रकेट प्रक्षेपणको केही सेकेन्डमै विस्फोट

टोकियो, ३० फागुन (रासस/एएफपी) ।

जापानी कम्पनीले बनाएको रकेटले स्याटेलाइटलाई कक्षमा स्थापित गर्ने प्रयास असफल भएपछि प्रक्षेपणको केही सेकेन्डमै विस्फोट भएको छ । टोकियोस्थित स्पेस वानको १८ मिटर (६० फिट) अग्लो काइरोस रकेट पश्चिमी जापानको तटीय वाकायामा क्षेत्रमा प्रक्षेपण गरिएको करिब पाँच सेकेन्डपछि इन्धनमा आगो सल्किएपछि विस्फोट भएको हो । विस्फोट हुनु पहिले सुदूर पहाडी क्षेत्रमा सेतो धुवाँ निस्किएको थियो । उक्त रकेट केही सेकेन्ड भित्रमा नै विस्फोट भई जमिनमा भीषण ज्वालासहित खसेको थियो ।

"पहिलो काइरोस रकेटको प्रक्षेपण गरिएको थियो, तर प्रक्षेपणपछि प्रविधिक समस्या देखिएपछि यसलाई रद्द गरिएको छ", स्पेस वानद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ, "विस्तृत अनुसन्धान भइरहेको छ ।" नजिकैको नदी किनारलगायत सार्वजनिक दृश्यावलोकन स्थलहरूमा भेला भएका सयौं युवा र वृद्ध दर्शकहरूले देखेका नाटकीय दृश्यहरूमा रकेटको पानी छर्किन प्रयोग गरिने यन्त्र (स्प्रिङ्कलर) ले पानी छ्याप्न थालेपछि जलिरहेको भग्नावशेष जमिनमा खसेको थियो ।

एक वृद्ध व्यक्तिले सार्वजनिक प्रसारक एनएचकेसँग भन्नुभयो, "मैले यो रकेट प्रक्षेपणबाट धेरै आशा गरेको थिएँ, सफलता मिल्न सकेन त्यसैले म निराश छु । के भयो अनुसन्धान भइरहेको बताइएको छ पछि थाहा हुने नै छ ।" स्पेस वनले स्याटेलाइटलाई कक्षमा स्थापित गर्ने राष्ट्रको पहिलो निजी फर्म बन्ने आशा गरेको छ र यो आशा काइरोसबाट गरिएको थियो ।

प्राचीन ग्रीक भाषा अनुसार काइरोसको अर्थ 'सही क्षण' हो । उडानको लगभग ५१ मिनेटपछि उक्त सही क्षण आउने अपेक्षा कम्पनी र अन्तरिक्षविद्हरूले गरेका थिए । पार्टपुर्जाको अभाव र अन्य समस्याका कारण स्पेस वानले बुधबारको प्रयासअघि कैरोसको प्रक्षेपण पाँच पटक स्थगित गरेको थियो ।

## रूसको आणविक हतियार अमेरिकाकोभन्दा राम्रो भएको पुटिनको दाबी

मस्को, ३० फागुन (रासस/एएफपी) ।

रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले हवाई, जल तथा स्थलबाट प्रक्षेपण गरिएको रूसको आणविक हतियार 'ट्रायड' अमेरिकाकोभन्दा निकै उन्नत भएको बताउनुभएको छ । युक्रेनमा दुई वर्षसम्म चलेको आक्रमणका क्रममा आफ्नो आणविक शक्तिलाई बढावा दिएको रूसले गत महिना पश्चिमा देशहरूले द्वन्द्व चर्काएमा आणविक विपत्तिको 'वास्तविक' जोखिम रहेको चेतावनी क्रेमलिनले दिएको थियो ।

"हाम्रो आणविक हतियार ट्रायड कुनै पनि अन्य ट्रायडभन्दा बढी आधुनिक छ । वास्तवमा हामी र अमेरिकीहरूसँग मात्र यस्ता हतियारहरू छन् र हामी यसमा धेरै अगाडि बढेका छौं," पुटिनले सरकारी टिभीलाई दिएको अन्तर्वार्तामा भन्नुभयो । सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि आक्रमण सुरु गरेदेखि नै पश्चिमा मुलुकहरूले रूसमाथि 'गैर-जिम्मेवार' पूर्ण रूपले आणविक हतियार सम्बन्धमा वक्तव्यबाजी गरेको आरोप पुटिनले लगाउँदै आउनुभएको छ ।

मस्कोसँग पाँच हजारभन्दा बढी आणविक हतियार रहेको अनुमान गरिएको छ, जुन विश्वको सबैभन्दा ठूलो भण्डार हो । पश्चिमी मुलुकहरूले युक्रेनमा उनीहरूका सेना पठाउँदा युद्धभूमिको स्थितिमा कुनै परिवर्तन नआउने उक्त अन्तर्वार्तामा पुटिनले बताउनुभएको थियो । उहाँले भन्नुभयो, "जसरी हतियार आपूर्ति गर्दैमा रूसलाई केही फरक पर्दैन त्यसैगरी विदेशी सैन्य दस्ताहरूले युद्धभूमिको स्थिति परिवर्तन गर्दैन भन्ने मलाई विश्वास छ ।"

युक्रेनले हालैका महिनाहरूमा तोपखानादेखि हवाई प्रतिरक्षासम्मका असङ्ख्य अभावहरूको सामना गरिरहेको छ । अमेरिकी काङ्ग्रेसमा ६० अर्ब डलरको सहायता प्याकेज रोकिएको छ । यसको परिणाम रूसी सेनासँगको लडाईंमा युक्रेन युद्धबाट पछि हटिरहेको छ ।

## एक बर्षमा जनावरको आक्रमणका कारण २३ हजार अस्ट्रेलियाली घाइते

क्यानबेरा, ३० फागुन (रासस/सिन्ह्वा) ।

सन् २०२१/२२ मा जनावरका कारण घाइते भएका २३ हजारभन्दा बढी अष्ट्रेलियालीलाई अस्पतालमा भर्ना गरिएको थियो । अस्ट्रेलियन इन्स्टिच्युट अफ हेल्थ एन्ड वेलफेयर (एआइएचडब्लु) ले बुधबार प्रकाशित गरेको रिपोर्ट अनुसार जुन २०२२ को अन्त्यसम्मको १२ महिनाको अवधिमा अस्ट्रेलियामा जनावरका कारण २३ हजार ३८० व्यक्ति घाइते भएका र अस्पताल भर्ना हुनु परेको थियो ।

अस्पतालमा भर्ना हुनेमध्ये ५३ प्रतिशत बिरालो र कुकुर, २२ प्रतिशत गाईवस्तु, २१ प्रतिशत वन्यजन्तु र विषालु जनावर तथा २.२ प्रतिशत समुद्री जनावरको आक्रमणको कारण घाइते भएको रिपोर्टमा जनाइएको छ । सन् २०२१/२२ मा अष्ट्रेलियामा घाइते भई अस्पताल पुगेका विरामीमध्ये ९०.५ प्रतिशत जनावरको आक्रमण वा सम्पर्कको कारणले घाइते भएका थिए । यो सन् २०१२/१३ को भन्दा ६६.५ प्रतिशत बढी हो । अस्पताल भर्ना भएका ५७ प्रतिशत बिरामीहरूमा खुल्ला घाउ तथा सामान्य प्रकारको चोट थियो भने १५ प्रतिशतमा भाँचिीएको र १० प्रतिशतमा विषाक्त प्रभावहरू थिए । वन्यजन्तु र विषालु जनावरहरूमा सरीसृपको टोकाइका कारण सबैभन्दा बढी अस्पतालमा भर्ना हुनुपरेको थियो भने त्यसपछि अन्य कीराको टोकाइ वा सम्पर्कका कारण अस्पताल सेवा लिनुपरेको थियो ।

अष्ट्रेलिया विश्वको सबैभन्दा विषालु जनावरहरूको घर हो, तर अस्ट्रेलियालीहरू विषालु जनावरहरूको तुलनामा गैर-विषालु संलग्न चोटका कारण अस्पतालमा भर्ना हुने सम्भावना ६.६ गुणा बढी रहेको एआईएचडब्ल्यूकी प्रवक्ता सारा अहमदले बताउनुभयो । महिलाहरू पुरुषहरू भन्दा १.२ गुणा बढी सामान्य पाल्तु जनावर सम्बन्धित चोटका कारण अस्पतालमा भर्ना हुने सम्भावना रहेको रिपोर्टमा उल्लेख छ ।

# अघिल्लो गठबन्धनमा समस्या आएपछि नयाँ गठबन्धन बनेको हो : अध्यक्ष ओली

काठमाडौँ, ३० फागुन (रासस)। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले अघिल्लो सत्ता गठबन्धनमा समस्या परेकाले आफूहरूले नयाँ गठबन्धन बनाएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को विश्वासको मतको प्रस्तावप्रति समर्थन गर्दै अध्यक्ष ओलीले नेपाली कांग्रेससँगको सहयात्रा असहज भएपछि प्रधानमन्त्री दाहालको चाहना र आफूहरुको सहयोगमा सरकार पुनःगठन भएको बताउनुभयो ।

सरकार पुनःगठन हुँदैमा अस्थिरता हुन्छ भनेर प्रचार गर्न आवश्यक नभएको जिकिर गर्दै उहाँले भन्नुभयो, "हाम्रो आवश्यकताका आधारमा सरकार परिवर्तन भएको हो । यो काम हामी नेपालका दलहरू मिलेर गरेका हौं । प्रधानमन्त्री दाहाल मुख्य हो र साथ दिने म पनि हुँ । हामीलाई जस दिए हुन्छ । यसमा विदेशी वा छिमेकी मुलुकलाई जोडेर हेर्न आवश्यक छैन ।"

पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिलेको नयाँ परिस्थिति कसरी र किन बन्यो भन्ने विषयमा प्रधानमन्त्री दाहालले भनिसक्नुभएको छ । देशमा विभिन्न नाममा राष्ट्रिय एकतामा भाँजो हाल्ने र समाजमा विद्वेश फैलाउने तथा पश्चगमनमा लाने प्रवृत्तिहरू देखा परेका छन् । ती कुराहरूलाई छाडेर हामीले हाम्रो देशलाई केन्द्रमा राखेर न्याय र समनाताको प्राप्तिका लागि अग्रसर हुनुपर्छ । हाम्रो लक्ष्य यही हो ।"

अध्यक्ष ओलीले राज्य यहाँका सबै भूगोल, जात र धर्मको साझा हो भन्ने मान्यताको रक्षा र संवर्द्धन हुनुपर्नेमा जोड दिँदै साम्प्रदायिकताको आगो झोसेर, अराजकता निम्त्याएर र प्रतिगमनको कुरा गरेर देश विकास हुन नसक्ने भएकाले संसद् यसप्रति सजग हुनुपर्ने बताउनुभयो ।

प्रतिस्पर्धात्मक बहुदलीय प्रणाली आफूहरूले रोजेर ल्याएको प्रणाली भएकाले स्वस्थ प्रतिस्पर्धामा अगाडि-पछाडि हुँदा कोही अत्तालिन नपर्ने उल्लेख गर्दै प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई आवेश र उत्तेजनामा नआउन आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "नयाँ सत्ता गठबन्धनमा आलोपालो प्रधानमन्त्री हुनका लागि अलिखित सहमति भएको भन्ने गलत प्रचार गरिएको छ । हामी पदलोलुप छैनौँ । को कति सरकारमा बस्छ भन्ने ठूलो कुरा पनि होइन । सरकारमा भएका बेला देश र जनताका पक्षमा राम्रो काम गर्ने भन्ने हो । मलाई प्रधानमन्त्री हुने कुनै लालसा छैन । देशका समस्या समाधान गर्ने सवालमा सत्ता पक्ष र विपक्ष सँगै बसेर छलफल गरेर जाऔँ । बेथिति रोकौँ, आर्थिक उन्नतिमा मुलुकलाई लैजाऔँ ।"

सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई टुङ्गोमा लान कसले रोकेको हो भन्ने प्रश्न गर्दै उहाँले आफ्नो दल यस विषयमा अन्तरराष्ट्रिय मान्यता, पीडितमैत्री र सर्वोच्च अदालतको फैसलाका आधारमा अघि बढ्न निरन्तर प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो ।


रुपनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं.२०८०/८१

मिति: २०८०/११/३०

**च्याफ कटर मेसिन खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सुचना**

प्रथम पटक प्रकाशित मिति २०८०।११।३० गते

प्रस्तुत बिषयमा यस गाँउपालिकाको आ.ब.२०८०।०८१ को पशुपंक्षी विकाश शाखाको स्वीकृत बार्षिक कार्यक्रम तर्फ ५०% अनुदानमा च्याफकटर मेसिन वितरण तथा ढुवानीका लागि रकम विनियोजन भए बमोजिम शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म,संस्था,पसल,कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सीलबन्दी दरभाउ आह्वान गरिएको छ ।

शर्तहरु :

१. दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिमा नरहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका पशुपंक्षी विकाश शाखाबाट दरभाउ सम्बन्धि कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ धरौटी बापतको रकम यस गाउँपालिका कार्यालयको ग्लोबल आईएमई बैंक रुपनी शाखामा रहेको धरौटी खाता नं. २५८०४०१०००००५ मा नगद जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस गाउँपालिका कार्यालयको नाममा जारी गरिएको बिडबण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको बिडबण्ड मान्य हुने छैन ।

४. दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवाही हुने छैन ।

५. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६. दरभाउ खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७. दरभाउ सम्बन्धि थप जानकारी लिन परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवं दरभाउ सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९. दरभाउपत्रबाट खरिद गर्ने च्याफकटर मेसिन न्युनतम मापदण्डको विवरण दरभाउ फारम साथ संलग्न हुनेछ ।

१०.अन्य थप यस सूचनामा नसमेटिएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

११.एक फर्म,पसल, कम्पनि वा निर्माण व्यवसायीको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्म, संस्था, कम्पनि तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाइने छैन ।

१२.दरभाउपत्र साथ पेश गर्ने कागजातहरुको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१३.कुनै कारण नजनाई आंशिक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ

१४.प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website मार्फत गराईनेछ ।

तपशिल

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कामको नाम र विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु/०२/०८०/०८१ | च्याफकटर मेसिन खरिद तथा ढुवानी समेत | रु ५,००,०००। | रु २५,०००। | ५०% अनुदानमा |

११।३०

तारणी प्रसाद यादव
(प्रमुख प्रशासकिय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत


## पर्व बिदा विवादरहित बनाइने

काठमाडौँ, ३० फागुन (रासस)। सरकारले हरेक वर्ष फागुन–चैत महिनामा सार्वजनिक बिदा घोषणा गरी सोहीअनुसारको वार्षिक क्यालेन्डर प्रकाशन गरेर बिदा व्यवस्थापन गर्दै आएको छ ।

यही फागुन २८ गते सोमबारका दिन ग्याल्पो ल्होसारको दिन सार्वजनिक बिदा दिएको सन्दर्भमा राससको जिज्ञासामा गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले आगामी वर्षको क्यालेन्डर सार्वजनिक हुनुअघि विवादरहित ढङ्गबाट समस्या सम्बोधन गर्ने पक्षमा सरकार रहेको र त्यसका लागि सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो ।

बहुजातीय एवं बहुधार्मिक देश नेपालमा सबैको धर्म, संस्कृति र भावनालाई समेटेर अघि बढ्नुपर्ने दायित्व सरकारको रहेको उल्लेख गर्दै प्रवक्ता भट्टराईले भन्नुभयो, "एक वर्षअघि प्रकाशित क्यालेन्डर हामी सबैको घरघरमा झुन्डिएकै छ, कुनै धार्मिक पर्व विशेषको बिदाका दिन गल्ती भएको जानकारी प्राप्त भएको भए तत्क्षणमै सच्याउन सकिन्थ्यो, आगामी वर्षको बिदाको हकमा सम्बन्धित समुदायसँग छलफल गरेर मात्र क्यालेन्डर प्रकाशित गरिने छ ।"

करिब एक महिनाअघि ताप्लेजुङका प्रमुख जिल्ला अधिकारीसँग सम्बन्धित समुदायका प्रतिनिधिले यस विषयमा कुरा राख्दै पञ्चाङ्ग निर्णायक समितिमा सबै धर्म समुदायको प्रतिनिधित्व हुनुपर्ने भनी माग राख्नुभएको भन्ने जानकारी प्राप्त हुनासाथ केन्द्रमा गृह सचिवबाट सोधखोज हुँदा स्पष्ट एवं ठोस जवाफ नआएपछि क्यालेन्डरअनुसार बिदा दिएको उहाँले स्पष्ट पार्नुभयो ।

प्रवक्ता भट्टराईले यस वर्षको अनुभवबाट पाठ सिक्दै सम्बन्धित धार्मिक समुदायका प्रतिनिधिसँग समेत छलफल गरी आगामी वर्षको पर्व बिदा निर्धारण गरिने जानकारी दिनुभयो ।

## लघुवित्त संघर्ष समितिलाई वार्तामा आउन आह्वान

काठमाडौँ, ३० फागुन (रासस)। अर्थ मन्त्रालयले आन्दोलनरत लघुवित्त वित्तीय संस्था पीडित सङ्घर्ष समितिलाई वार्तामा आउन आह्वान गरेको छ ।

अर्थमन्त्री वर्षमान पुनको निर्देशनमा मन्त्रालयले शुक्रबार अपराह्न लघुवित्त पीडितका प्रतिनिधिलाई वार्ताका लागि अर्थ मन्त्रालयमा बोलाइएको हो । मन्त्रालयका सहसहसचिव एवं वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान महाशाखा प्रमुख नारायणप्रसाद रिसाल नेतृत्वमा गठित समितिले पीडितका प्रतिनिधिलाई वार्तामा बोलाएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ । उक्त समितिमा गृहमन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई, कानून मन्त्रालयका उपसचिव भइन्द्र गुरागाईं र नेपाल राष्ट्र बैंकका प्रतिनिधि छन् ।

अर्थमन्त्री पुनले समितिलाई सङ्घर्ष समितिसँग वार्ता गरी उनीहरुका माग सम्बोधन गर्ने उपायसहित प्रतिवेदन बुझाउन निर्देशन दिनुभएको छ ।

# प्रधानमन्त्री दाहाललाई विश्वासको मत प्राप्त

काठमाडौं, ३० फागुन (रासस)।

प्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नुभएको छ ।

नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधिसभाबाट विश्वास प्राप्त गर्न प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १५५ बमोजिम उहाँले बुधबार पेस गर्नुभएको प्रस्तावका पक्षमा एक सय ५७ र विपक्षमा एक सय १० मत खसेको हो । मतविभाजन प्रक्रियामा एक मत दिन्न भन्नेमा खसेको थियो ।

मतविभाजन प्रक्रियामा जम्मा दुई सय ६८ सांसद सहभागी हुनुभयो । बैठकमा सभामुख देवराज घिमिरेले मतविभाजन परिणाम सुनाउँदै प्रधानमन्त्री दाहाललाई विश्वासको मत प्राप्त भएको जानकारी गराउनुभएको थियो ।

प्रधानमन्त्री दाहालले यही फागुन २१ गते नयाँ सत्तागठबन्धन बनाएपछि उहाँलाई समर्थन गरेको दल नेपाली कांग्रेसले समर्थन फिर्ता लिएको थियो । सरकारलाई समर्थन गरेको दलले समर्थन फिर्ता लिएपछि पुनः विश्वासको मत लिनुपर्ने कानुनी प्रावधान छ ।

# मुलुक र जनताको हितमा सबै गम्भीर हुनुपर्छः अध्यक्ष राउत

काठमाडौं, ३० फागुन (रासस)।

जनमत पार्टीका अध्यक्ष एवं सांसद डा चन्द्रकान्त सिके राउतले जनआकाङ्क्षा अनुरुप मुलुकमा आर्थिक सुशासनसहितको विकास र समृद्धिलाई साकार पार्न सरकार र राजनीतिक दल गम्भीर हुनुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकलाई सम्बोधन गर्दै उहाँले गठबन्धन सरकारको फेरबदलले जनताका समस्या सम्बोधन गर्न नसक्ने दाबी गर्दै देश र जनताको हितमा प्रभावकारी काम गर्न सहमति र सहकार्यका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष राउतले पटक-पटक गठबन्धन बन्ने र भत्कने अवस्थाले जनतालाई फाइदा नपुग्ने बताउनुभयो । जनताले राजनीतिक दल र नेताहरूलाई दिएको विश्वासको मत बचाउन कठिन भइरहेको अवस्थामा राजनीतिक प्रणालीमाथिको जनविश्वास अभिवृद्धि गर्न सबै जिम्मेवार भएर लाग्नुपर्ने खाँचो उहाँले औंल्याउनुभयो ।

अध्यक्ष राउतले भन्नुभयो, "हामी राजनीतिक कारणले वर्तमान गठबन्धन सरकारलाई समर्थन गर्न सक्दैनौँतर सफलताको शुभकामना भने दिन्छौं ।"

# विवादास्पद व्यक्तिलाई मन्त्री बनाएको भन्दै कांग्रेसको आपत्ति

काठमाडौं, ३० फागुन (रासस)।

नेपाली कांग्रेसका सचेतक सुशीला थिङले वर्तमान मन्त्रिपरिषद्मा विवादास्पद छवि भएका व्यक्ति रहेको भन्दै सभामुखको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकको प्रारम्भमा बोल्दै उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहकारी ठगीमा विवादास्पद छवि भएका व्यक्तिलाई कारबाही गर्नुको साटो मन्त्री नियुक्त गरेर पुरस्कृत गर्नुभएको आरोप लगाउनुभयो ।

उहाँले तत्कालीन उपराष्ट्रपति नन्दबहादुर पुनको सचिवालय र उहाँका परिवारका सदस्य सुन तस्करीमा संलग्न भएको देखिएको अवस्थामा कुनै कारबाही नभएको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सचेतक थिङले उपरोक्त सबै विषयमा राम्ररी छलफल नगरी सदन प्रभावकारी रूपमा सञ्चालन हुन नसक्ने बताउनुभयो ।

रुपनी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

प.सं.२०८०/८१

मिति: २०८०/११/३०

**औषधी खरिद सम्न्धि सिलबन्दी दरभाउपत्र आह्वानको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०८०।११।३० गते**

प्रस्तुत बिषयमा यस गाउपालिकाको आ.व.२०८०।०८१ को पशुपंक्षी विकाश शाखाको स्वीकृत बार्षिक कार्यक्रम तर्फ औषधी खरिद का लागि रकम विनियोजन भए बमोजिम शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त औषधी सप्लार्यस,भेटेरिनरी औषधी पसल,भेट फर्मा, तथा भेट्स सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सीलबन्दी दरभाउ आह्वान गरिएको छ ।

शर्तहरु :

१. दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरी र रु.१०/-टिकट टाँसगरी तथा अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिमा नरहेको स्वघोषणा संलग्न राखी सम्न्धित औषधी सप्लार्यस,भेटेरिनरी औषधी पसल,भेट फर्मा, तथा भेट्स सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका पशुपंक्षी विकाश शाखाबाट दरभाउ सम्न्धि कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग भरी सम्न्धित औषधी सप्लार्यस,भेटेरिनरी औषधी पसल,भेट फर्मा, तथा भेट्स सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट संग लेखी १६ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ धरौटी बापतको रकम यस गाउंपालिका कार्यालयको ग्लोबल आईएमई बैंक रुपनी शाखामा रहेको धरौटी खाता नं. २५८०४०१०००००५ मा नगद जम्मा गरी सांको सक्कले बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस गाउंपालिका कार्यालयको नाममा जारी गरिएको विडवण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्ड मान्य हुने छैन ।

४. दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवाही हुने छैन ।

५. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६. दरभाउ खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७. दरभाउ सम्न्धि थप जानकारी लिन परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवं दरभाउ सम्न्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९. दरभाउपत्रबाट खरिद गर्ने औषधीहरु न्युनतम मापदण्डको विवरण दरभाउ फारम साथ संलग्न हुनेछ ।

१०.अन्य थप यस सूचनामा नसमेटिएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

११.एक औषधी सप्लायंस,भेटेरिनरी औषधी पसल,भेट फर्मा, तथा भेट्स सप्लायर्सहरु नाममा खरिद भएको दरभाउपत्र फारम अर्को औषधी सप्लार्यस,भेटेरिनरी औषधी पसल,भेट फर्मा, तथा भेट्स सप्लायर्सको नामबाट दाखिला गर्न पाइने छैन ।

१२.औषधी को मान्य हुने अवधी (एक्सपारी डेट) मिति स्टोर दाखिला भएको दिन बाट कमतीमा १८ महिना बाँकी हुनु पर्नेछ ।

१३.दरभाउपत्र साथ पेश गर्ने कागजातहरुको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१४.कुनै कारण नजनाई आंशिक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउंपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१५.प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website मार्फत गराईनेछ ।

तपशिल

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कामको नाम र विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु/०१/०८०/०८१ | औषधीहरु | रु १०,००,०००। | रु २५,०००। | |

तारणी प्रसाद यादव

(प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# पोखरीमा डुबेर बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, ३० फागुन ।**

जलेश्वर नगरपालिका३ मलिवारामा बुधबार दिउँसो पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय मङ्गल पाण्डेकी छोरी दुई वर्षीया रुचि पाण्डे रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए ।

आफ्नै घर अगाडि खेल्दै गरेकी बालिका घरभन्दा ५० मिटरको दुरीमा रहेको बरका पोखरीमा नुहाउन पुगेको र सोही पोखरीमा उनको डुबेर मृत्यु भएको प्रहरीको भनाइ छ ।

***सप्तरीमा १ सय १०...***

गरिएको संख्या ७ हजार ७ सय ८१ तथा स्थानीय तहरुबाट प्रमाणिकरण गरिएको संख्या ३ हजार १ सय ९६ रहेको छ । उनले २०७८ चैत्र २३ गते आयोगको जिल्ला समितिले पुर्णता पाए संगै गतिविधी सूरु गरेको र यस क्रममा जिल्लाको १८ वटै पालिकासंग द्विपक्षीय सम्झौता गरी कामलाई गति प्रदान गरिएको बताए ।

अर्को तीर निगेटिभ प्रकृतिका जग्गाहरुमा धेरै भुमिहिन दलित र सुकुम्वासी तथा अव्यवस्थित वसोवासी रहेकाले पनि जग्गा धनी पुर्जा वितरण गर्न समस्या भएको उनको कथन छ ।

"हालको ऐनले सो जग्गा वितरण गर्न नमिल्ने अवस्था छ, उनले भने- बाटो, नदी किनार, पोखरीको डिल, गौचरण लगायतका क्षेत्रको जग्गामा वसोवासले पनि जग्गा धनी पुर्जा वितरण कार्यले सोचे अनुसारको गति लिन सकेको छैन ।"

प्रमुख राजनीतिक दलसंग समेत समन्वय गरेर नगर र वडास्तरीय सहजीकरण समिति बनाएर काम अघि बढाएको उनको कथन छ । सप्तरीमा हालसम्म संकलित लगत अनुसार भुमिहिन, दलित र सुकुम्वासीको संख्या ६ हजार ८ सय ९६ रहेको छ भने अव्यवस्थित वसोवासीको संख्या ५ हजार ६ सय ५४ रहेको छ ।

पत्रकार सम्मेलनमा आयोगका सदस्य शशिन्द्र यादव, कृष्ण देव पण्डित, हरिनारायण महतो र अनारदेवीले पनि आयोगको हाल सम्मको गतिविधी बारे जानकारी गराएका थिए ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*